नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

Ref.

# सूचना

नेपाल सरकार, नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले मिति २०७६।११।२९ मा अर्को सूचना नभएसम्म वैदेशिक रोजगारका लागि दिइने श्रम स्वीकृति स्थगन गर्ने निर्णय गरेअनुसार वैदेशिक रोजगार कार्यालयले सो कार्य स्थगन गरेको कुरा अवगतै छ । यसै पृष्ठभूमिमा यस राजदूतावासबाट गरिंदै आएको कामदार मागपत्र (संस्थागत तथा व्यक्तिगत) प्रमाणीकरणसम्बन्धी सम्पूर्ण कार्यहरू आगामी २०७६ चैत्र ४ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साथै, यस राजदूतावासबाट अत्यावश्यक सेवाहरू (जस्तै ट्राभल डकुमेन्ट बनाउने, मृतक नेपालीको शव नेपाल पठाउन NOC जारी गर्ने, म्याद सकिएको राहदानी बनाउने लगायत) निरन्तर प्रवाह हुने बेहोरासमेत सबैको जानकारीको लागि अनुरोध गरिएको छ ।

नेपाली राजदूतावास
अबुधाबी, संयुक्त अरब इमिरेट्स ।
आइतबार , २०७६ चैत्र २ ( तदनुसार १५ मार्च , २०२० )